# जोनसन एन्ड जोनसन/जानसेन COVID-19 खोप माथिको अपडेट

जोनसन एन्ड जोनसन/जानसेन COVID-19 खोप सोसँग सम्बन्धित सम्भावित स्वास्थ्य समस्याहरू अनुसन्धान गर्नका लागि छोटो विश्रामपश्चात् NYC मा 18 वर्ष वा सोभन्दा माथिका मानिसहरूका लागि उपलब्ध छ। स्वास्थ्य र मानसिक स्वास्थ्य को NYC विभाग (NYC स्वास्थ्य विभाग) ले जोनसन एन्ड जोनसन खोप तथा अन्य स्वीकृत COVID-19 खोपहरूको सुरक्षा र प्रभावकारितामा आफ्नो विश्वास कायम राखेको छ। COVID-19 बाट आफूलाई, आफ्ना प्रियजनलाई र हाम्रो समुदायलाई सुरक्षित राख्नका लागि लिने सबैभन्दा महत्त्वपूर्ण कदम नै खोप रहेको छ।

**जोनसन एन्ड जोनसन खोपको प्रयोगमा किन विश्राम लिइएको थियो?**

अप्रिल 13, 2021 का दिन रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरू (Centers for Disease Control and Prevention, CDC) खाद्य तथा औषधि प्रशासन (Food and Drug Administration, FDA) ले सो खोप लिएका छ जना मानिसहरूमा देखिएको विरल रगत जम्ने लक्षण रिपोर्ट गरिएपछि जोनसन एन्ड जोनसन खोप लगाउन अस्थायी रूपमा बन्द गरेको थियो। यी केसहरूलाई CDC र FDA को खोप सुरक्षा अनुगमन प्रणालीमार्फत पहिचान गरिएको थियो। अतिरिक्त जानकारी सङ्कलन गर्न र समीक्षा गर्नका लागि सो खोपको प्रयोगमा विश्राम गरिएको थियो।

**अनुसन्धानले के देखायो त?**

अप्रिल 21, 2021 सम्ममा त्यस्तो विरल रगत जम्ने घटनाका 15 वटा केसहरू देखिए र रक्त प्लेटलेट कम भएका यी मानिसहरू जोनसन एन्ड जोनसन खोप स्वीकृत भएपछि सो खोप लगाएका करिब 8 मिलियन मानिसहरू मध्येबाट थिए। यस्तो अवस्थालाई थ्रोम्बोसाइटोपेनिया (न्यून रक्त प्लेटलेट गणना) लक्षण सहितको थ्रोम्बोसिस (रगत जम्ने) (thrombosis with thrombocytopenia syndrome, TTS) भनिन्छ। TTS का रिपोर्ट गरिएका केसहरूमा 18 देखि 59 वर्ष बीचका महिलाहरू थिए, जसमा खोप लगाएको छ देखि 15 दिनभित्र लक्षण देखिएको थियो। यो दर खोप लगाएका 18 देखि 49 वर्ष उमेरका एक मिलियन महिलाहरूमा सातवटा TTS का केसहरू र 50 वर्ष र सोभन्दा माथिका खोप लगाएका एक मिलियन महिलाहरूमा एउटा केस हो। खोपको क्लिनिकल अभ्यासहरूमा एक जना पुरुष सहभागीमा पनि TTS देखिएको थियो।

**यस खोपको प्रयोगका सम्बन्धमा CDC र FDA ले केके सिफारिस गरेका छन्?**

CDC र FDA ले जोनसन एन्ड जोनसन खोप 18 वर्ष र सोभन्दा माथिका मानिसहरूमा लगाउन जारी राख्न सिफारिस गरेका छन्। यो निर्णय खोप अभ्यासहरूमा सल्लाहकार समितिको सिफारिसमा आधारित थियो, जुन मेडिकल तथा सामुदायिक स्वास्थ्य विशेषज्ञहरूको एउटा स्वतन्त्र समूह हो र जसले उपलब्ध तथ्याङ्क र जानकारी पुनरावलोकन गरी खोप लगाउँदाका लाभहरू विरुद्ध सम्भावित स्वास्थ्य जोखिमहरू तौलिएको थियो। सो खोप लगाउने व्यक्तिहरूले, विशेषगरि 50 वर्ष वा सोभन्दा माथिका महिलाहरूले

TTS को विरल तथा बढेको जोखिमका बारेमा तथा जोखिम नदेखिएका अन्य उपलब्ध COVID-19 खोपहरूका बारेमा सचेत रहनु जरुरी छ।

**यसको सुरक्षा समस्या हुँदा हुँदै पनि किन NYC ले सो खोपको प्रयोग गरिरहेको छ?**

TTS को जोखिम एकदमै न्यून रहेको छ, र सो खोप COVID-19 बाट हुने गम्भीर बिरामी, अस्पताल भर्ना र मृत्युबाट जोगाउन धेरै नै प्रभावकारी देखिएको छ। अब हामीले जोखिमका विषयमा जानिसकेपछि, हामीले जोनसन एन्ड जोनसन खोप लगाएका मानिसहरूलाई TTS का सम्भावित लक्षणहरू पहिचान गर्न तथा तुरुन्तै उपचार लिन जानकारी प्रदान गर्न सक्नेछौँ। अब स्वास्थ्य स्याहार प्रदायकहरू पनि यस जोखिमका बारेमा सचेत छन्, जसको अर्थ जोनसन एन्ड जोनसन खोप लगाएपछि TTS देखिने बिरामीहरू निदान गर्न र उपचार गर्न सक्छन् भन्ने हो। कुनै पनि औषधि, उपचार वा खोप 100% जोखिममुक्त हुँदैन।

**यदि मैले जोनसन एन्ड जोनसन खोप लगाउने निधो गरेँ भने, के अतिरिक्त सावधानीहरू अपनाउनु पर्नेछ?**

तपाईँका लागि जोनसन र जोनसन खोपको TTS जोखिम अन्त्यन्त न्यून रहे तापनि, खोप लगाइसकेपछि तीन हप्ताको समयका लागि तपाईँले सम्भावित लक्षणहरूका लागि आफ्नो अनुगमन गर्नु पर्नेछ, जस्तै:

- श्वासप्रश्वासमा न्यूनता
- छाती दुखाइ
- खुट्टा सुन्निने
- पेटको लामो दुखाइ
- गम्भीर वा लामो टाउको दुखाइ
- धमिलिएको दृष्टि
- सजिलै कोतरिने
- सुई लगाएको क्षेत्रबाहेक अन्य स्थानमा छालाभित्र ससाना राता थोप्ला

यदि खोप लगाएको तीन हप्ताभित्र तपाईँमा यी लक्षणहरू देखिए भने, तुरुन्तै मेडिकल उपचार लिनुहोस् - छेवैको अस्पतालमा जानुहोस् वा **911** मा फोन गर्नुहोस्। उपचार प्रदायकलाई आफूले जोनसन एन्ड जोनसनको खोप लगाएको कुरा भन्नुहोस्।

यस विपरीत, खोपपछि देखिने पार्श्व प्रभावहरूमा हातको खोप लगाएको स्थानमा दुख्ने र सुन्निने, थकान, हलुका दुखाइ, चिसो, हलुका टाउको दुखाइ, वा न्यून-ग्रेडको ज्वरो सामेल छन्। यी अपेक्षित पार्श्व प्रभावहरू हुन् र यी खोप लगाएपचिको प्रथम तीन दिनभित्र सुरु हुन्छन् (आम रूपमा देखिने खोप लगाएको दोस्रो दिन) र सुरु भएको एक दिनदेखि तीन दिनसम्म रहन्छन्।

**के अन्य COVID-19 खोपहरूबाट पनि TTS को जोखिम रहेको छ?**

अमेरिकामा फाइजर-बायोएनटेक तथा मोडर्ना COVID-19 खोपहरूको 200 मिलियन मात्रा लगाइसकेपछि पनि यी खोपहरूसँग TTS को सम्बन्ध देखिएको छैन। हामी जोनसन एन्ड जोनसन खोप नलगाउन चाहने व्यक्तिहरूका लागि यी दुई मध्ये एउटा खोप लगाउनका लागि सशक्त प्रोत्साहन गर्दछौँ।

NYC वरिपरि सयौँ खोप स्थलहरू उपलब्ध रहेका छन्। खोप स्थल पत्ता लगाउनका लागि **vaccinefinder.nyc.gov** हेर्नुहोस् (प्रत्येक स्थलमा लगाइने खोपहरू सूचीकृत गरिएका छन्) वा सहर-सञ्चालित खोप स्थलमा एपोइन्टमेन्टका लागि मद्दत लिन 877-829-4692 मा फोन गर्नुहोस्। धेरै खोप स्थानहरूले वाक-इन एपोइन्टमेन्टहरू पनि लिइरहेका छन्। सहर-सञ्चालित वाक-इन स्थानहरूको सूचीका लागि यहाँ हेर्नुहोस्।

### अन्य खोपका सुरक्षा समस्याहरू नभएको हामीले कसरी थाहा पाउने?

CDC, FDA, र अन्य समूहहरूले COVID-19 का खोपहरूको गहन सुरक्षा अनुगमनलाई निरन्तरता दिएका छन्। अमेरिकामा दिइएका खोपका लाखौँ मात्राहरूमा TTS का केही केसहरूको पहिचान हुनु र जोनसन एन्ड जोनसनको खोपको प्रयोगमा विश्राम लगाइनुले सुरक्षा प्रणालीले काम गरेको तथा सुरक्षा र पारदर्शिता उच्च प्राथमिकतामा रहेको देखाउँछन्। कुनै पनि सम्भावित सुरक्षा समस्या सहित, खोपहरूका बारेमा जानकारी बताउनका लागि हामी प्रतिबद्ध छौँ।

### मैले बढी जानकारी कहाँ प्राप्त गर्न सक्छु?

यदि तपाईंसँग प्रश्नहरू भए, कृपया आफ्नो प्रदायकलाई वा **311** मा फोन गर्नुहोस्। COVID-19 खोप जानकारी तथा संसाधनहरूका लागि **nyc.gov/covidvaccine** हेर्नुहोस्। FDA द्वारा संशोधन गरिएको जोनसन एन्ड जोनसन खोप बिरामी तथ्य पत्र यहाँ यहाँ प्राप्त गर्न सकिन्छ। अतिरिक्त जानकारी यहाँ CDC को साइटमा उपलब्ध छ।

**एनवाइसि स्वास्थ्य विभागले परिस्थितिहरू विकसित हुँदै जाँदा सिफारिसहरू परिवर्तन गर्न सक्नेछ।** 4.29.21